# खिम्ती आयोजनाको स्वामित्व हस्तान्तरणमा ढिलाइ

प्राधिकरण र नर्वेजियन कम्पनीबीच भएको विद्युत् खरिदबिक्री सम्झौता अनुसार व्यावसायिक उत्पादन भएको २० वर्षपछि आयोजनाको ५० प्रतिशत स्वामित्व प्राधिकरण मातहत आउनुपर्थ्यो। २०७७ असारमा तोकिएको समय पूरा भइसकेको छ।

हिमाल लम्साल
काठमाडौं, भदौ ७

६० मेगावाटको खिम्ती जलविद्युत् आयोजनाको एक वर्षअगावै हुनुपर्ने स्वामित्व हस्तान्तरण अहिलेसम्म हुन सकेको छैन। नेपाल विद्युत् प्राधिकरणले कोभिड-१९ महामारीको बहानामा स्वामित्व हस्तान्तरण नगरेको आरोप लागेको छ। प्राधिकरणले समयमै आवश्यक पहलकदमी नगर्दा लामो समय बित्दासमेत आयोजनाको स्वामित्व हस्तान्तरण हुन नसकेको बताइन्छ।

प्राधिकरण र नर्वेजियन कम्पनीबीच भएको विद्युत् खरिदबिक्री सम्झौता अनुसार व्यावसायिक उत्पादन भएको २० वर्षपछि आयोजनाको ५० प्रतिशत स्वामित्व प्राधिकरण मातहत आउनुपर्थ्यो। सम्झौता अनुसार २०७७ असारमा तोकिएको समय पूरा भइसकेको छ। यो आयोजनासँग डलरमा पिपिए गरेकाले मनग्ये नाफा आर्जन गर्ने, तर प्राधिकरण घाटामा जाने समस्या थियो।

यो आयोजनाले वार्षिक ५ अर्ब ८० करोड रूपैयाँ आम्दानी गर्थ्यो भने प्राधिकरणले वार्षिक करिब दुई अर्ब जति नोक्सानी बेहोर्दै आएको थियो। वैदेशिक लगानीमा बनेको खिम्ती आयोजनाबाट उत्पादन हुने ६० मेगावाट बिजुली खरिद गर्न प्राधिकरण र प्रवर्द्धक कम्पनीबीच ९ मंसिर २०५१ मा सम्झौता भएको थियो। सुरुमा यो आयोजनासँग ५.२ सेन्टमा प्रतियुनिट बिजुली किन्ने गरी पिपिए गरिएको थियो।

पछि आयोजनाको मूल्य समायोजन हुँदा प्रतियुनिट ५.९ सेन्ट (सरदर प्रतियुनिट २१ रूपैयाँ) पर्न आउथ्यो। सम्झौतामा उत्पादन सुरु भएको २० वर्षपछि आधा स्वामित्व प्राधिकरणमा आउने उल्लेख थियो। महालेखापरीक्षक कार्यालयको ५८औं वार्षिक प्रतिवेदनले पनि तोकिएको समयमा आयोजनाको स्वामित्व हस्तान्तरण नभएको औंल्याएको छ।

'उक्त कम्पनीले २०५७ असारदेखि व्यापारिक उत्पादन सुरु गरेकाले सम्झौता अनुसार ५० प्रतिशत स्वामित्व नेपाल विद्युत् प्राधिकरणमा प्राप्त गर्नुपर्नेमा सो हुन सकेको छैन,' प्रतिवेदनमा भनिएको छ, 'आयोजनाको ५० प्रतिशत स्वामित्व हस्तान्तरणका लागि प्राधिकरण र प्रवर्द्धक कम्पनी दुवैको स्वामित्व रहने गरी छुट्टै कम्पनी स्थापना गर्नुपर्ने, हाल उक्त कम्पनी बनिनसकेको, नयाँ कम्पनीले पुन विद्युत् बिक्रीका लागि विद्युत् खरिदबिक्री सम्झौता गर्नुपर्ने जस्ता प्रक्रिया पूरा नभएको कारण जनाई स्वामित्व हस्तान्तरणमा ढिलाइ गरेको देखिन्छ।'

खिम्तीबाट प्रतिघन्टा ३५० मिलियन किलोवाट विद्युत् उत्पादन हुने देखिन्छ। कम्पनीको सबैभन्दा ठूलो हिस्सेदार नर्वेजियन कम्पनीले २०७७ असार २७ मा संस्थाको ५० प्रतिशत स्वामित्व हस्तान्तरणबाट प्राप्त मुनाफा नर्वेजियन क्रोनर ११९ मिलियन हिसाबमा लेखांकन गरिसकेको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले खिम्ती जलविद्युत् आयोजनाको स्वामित्व हस्तान्तरणको वार्ताकै क्रममा कोभिड-१९ महामारी फैलिएकोले काम हुन नसकेको बताए। 'खिम्तीको स्वामित्व हस्तान्तरणको लागि वार्ता भइरहेकै बेला कोभिड-१९ को पहिलो लहर देखापर्‍यो,' उनले भने, 'महामारीको कारण देखाउँदै उनीहरू अहिलेसम्म नआएकाले स्वामित्व हस्तान्तरण हुन सकेको छैन।'

कार्यकारी निर्देशक घिसिङले प्राधिकरणले खिम्तीबाट उत्पादन हुने बिजुलीको लागि प्रतियुनिट दुई रूपैयाँको दरले अपरेसन खर्च मात्रै उपलब्ध गराउँदै आइरहेको बताए। 'स्वामित्व हस्तान्तरण नभएकाले अहिलेसम्म खिम्ती जलविद्युत् आयोजनाको विद्युत् खरिदबिक्री सम्झौता हुन सकेको छैन। त्यसैले अहिले अपरेसन खर्चबापत प्रतियुनिट दुई रूपैयाँको दरले खरिद गर्दै आइरहेका छौं।'

कार्यकारी निर्देशक घिसिङले प्राधिकरणले खिम्ती आयोजनाबाट उत्पादन भएको बिजुली यसअघि वार्षिक ५ अर्ब ८० करोड रूपैयाँमा खरिद गर्दै आए पनि अहिले भने ७० देखि ७५ करोड रूपैयाँमा मात्रै खरिद गर्दै आएको दाबी गरे। '२० वर्ष नपुगुन्जेसम्म वार्षिक ५ अर्बभन्दा धेरै भुक्तानी गर्दै आएका थियौं,' उनले भने, 'अहिले त वार्षिक ७० देखि ७५ करोड मात्रै भुक्तानी भइरहेको छ।'

महालेखाको प्रतिवेदनले कम्पनीको तेस्रो ठूलो सेयरहोल्डर नेपालको एक कम्पनीको सेयर स्वामित्व १६.९० प्रतिशत रहेको जनाएको छ। सोही प्रतिवेदनले कम्पनीको लाभकर हिसाब गर्दा एक अर्ब २९ करोड ७६ लाख र सोको ब्याजसहित आउने रकम असुलउपर गर्नुपर्ने औंल्याएको छ। 'कारोबार मूल्य र बजार मूल्यको फरक हिसाब गर्दा आउने रकममा २५ प्रतिशत लाभकर एक अर्ब २९ करोड ७६ लाख एवं सोको शुल्क र ब्याजसमेत असुल हुन छुटेको अवस्था देखिएकाले थप छानबिन गरी सरकारी संस्था र सरकारले प्राप्त गर्नुपर्ने राजस्व यथाशीघ्र असुल गर्नुपर्दछ,' प्रतिवेदनमा भनिएको छ।

कम्पनीको वार्षिक प्रतिवेदन अनुसार २०७६ को अन्त्यमा आयोजना सञ्चालन गर्ने एक लिमिटेड कम्पनीमा २९ लाख ७८ हजार ५०२ कित्ता सेयरको मूल्य प्रतिकित्ता ३९४.५१ दरले देखाएको छ। यो हिसाबले उक्त आयोजनाको कुल सेयर एक करोड ७६ लाख २४ हजार २ सय ७२ कित्ता रहेको पुष्टि हुन्छ। उक्त सेयरको किताबी मूल्य एक सय रूपैयाँ घटाउँदा मुनाफा प्रतिकित्ता २९४.५१ का दरले कुल मुनाफा ५४ अर्ब १९ करोड ५ लाख हुन आउँछ। यो मूल्य वर्तमान सेयर बजारको अवस्था विश्लेषण गर्दा असामान्य रूपमा न्यून देखिएको छ।

## प्राधिकरणको बक्यौता मात्रै ३२ अर्ब

काठमाडौं, भदौ ७ (नागरिक)- नेपाल विद्युत् प्राधिकरणको अघिल्लो आर्थिक वर्षसम्म महसुल बक्यौता मात्रै ३२ अर्ब रूपैयाँ पुगेको छ। महालेखापरीक्षकको कार्यालयको ५८औं वार्षिक प्रतिवेदनले प्राधिकरणको आर्थिक वर्ष २०७६/७७ सम्मको विद्युत् महसुल बापतको बक्यौता मात्रै ३२ अर्ब १८ करोड ५१ लाख रूपैयाँ रहेको देखाएको छ। प्रतिवेदनले प्राधिकरणले ग्राहकबाट उठाउनुपर्ने बक्यौता रकम बर्सेनि ठूलो मात्रामा बढ्दै गइरहेको औंल्याएको छ।

आर्थिक वर्ष २०७५/७६ को तुलनामा प्राधिकरणको बक्यौता आर्थिक वर्ष २०७६/७७ मा ७२.५३ प्रतिशतले वृद्धि भएको छ। महालेखापरीक्षकको प्रतिवेदनले प्राधिकरणले बक्यौता उठाउन पर्याप्त पहल नगरेको खुलासा गरेको छ। अघिल्लो आवसम्मको बक्यौता रकममध्ये ट्रंक तथा डेडिकेटेड लाइनतर्फ ४९ ग्राहकबाट मात्रै प्राधिकरणले १५ अर्ब ५३ करोड रूपैयाँ असुलउपर गर्न बाँकी छ।

विद्युत् नियमन आयोगले २०७७ असार १ गते विद्युत्‌को नयाँ महसुल दर निर्धारण गर्दै डेडिकेटेड तथा ट्रंक लाइनको ६५ प्रतिशत अतिरिक्त शुल्क खारेज गरेको थियो। आयोगले यसअघि प्राधिकरणले लगाउँदै आएको डेडिकेटेड तथा ट्रंक लाइनको अतिरिक्त ६५ प्रतिशत हटाएर अहिले ८ देखि १४ प्रतिशत मात्रै वृद्धि गरेको छ। उपभोक्ताले प्राधिकरणलाई तिर्नुपर्ने अतिरिक्त शुल्कमा क्रमशः ५६.४० प्रतिशत, ५०.४० प्रतिशत तथा ५४.३३ प्रतिशत कमी हुन आउने आयोगले जनाएको छ। सो प्रतिवेदनले कुल बक्यौताको ४८.२७ प्रतिशत रकम ट्रंक तथा डेडिकेटेड लाइन अन्तर्गतको छ। 'प्राधिकरणले ट्रंक तथा डेडिकेटेड लाइनका ग्राहकले आर्थिक वर्ष २०७२/७३ देखि २०७५/७६ सम्म ६ अर्ब ३४ करोडको बिजक जारी नगरेकोमध्ये यो वर्ष ४ अर्ब १९ करोडको बिजक जारी गरेको छ,' प्रतिवेदनमा भनिएको छ, 'आव २०७६/७७ मा दुई अर्ब १५ करोडको बिजक जारी गरेको छैन।'

महालेखापरीक्षकको प्रतिवेदनले विद्युत् आपूर्तिको समयमै बिल बिजक जारी गरी महसुल असुल गर्नुपर्नेमा बिजक नै जारी नगर्ने र महसुल असुल नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई रकम असुल गर्न निर्देशन दिएको छ। सडक बत्तीको मात्र तीन अर्ब ५३ करोड ५९ लाख रूपैयाँ बक्यौता छ। 'बक्यौता असुल गर्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्छ,' प्रतिवेदनमा भनिएको छ।

प्राधिकरणले अघिल्लो आवमा ११ अर्ब ६८ करोड रूपैयाँ खुद मुनाफा गरेको थियो। प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले विद्युत् महसुल दुई महिनाभित्र बुझाउन सकिने प्रावधान भएकाले पनि केही बक्यौताको अंश कायमै रहने दाबी गर्छन्। 'ट्रंक तथा डेडिकेटेड लाइनको मात्रै बक्यौता रकम १५ अर्ब रूपैयाँ बराबर जति छ,' उनले भने, 'अन्य बक्यौता भने आर्थिक वर्ष सकिएको दुई महिनाभित्र संकलन गर्न सकिने भएकाले पनि केही बक्यौता देखिएको हो।'

### आपूर्ति सुधार्न पहल

प्राधिकरणले मुलुकबाट लोडसेडिङ अन्त्य गरेपछि विद्युत् आपूर्तिलाई नियमित, भरपर्दो, गुणस्तरीय बनाउन पहल थालेको छ। बिनाजानकारी झ्याप्पझ्याप्प बत्ती जाने गरेको, नयाँ बत्ती जडानका लागि मिटर पाउन छोडेको, नो लाइटमा फोन गर्दा फोन नउठाउने जस्ता गुनासो आउन थालेपछि ती समस्या समाधान गरी सेवा प्रवाहमा सुधार ल्याउन प्राधिकरण व्यवस्थापनले पहल सुरु गरेको हो।

प्राधिकरणले विद्युत् आपूर्तिलाई नियमित, भरपर्दो तथा गुणस्तरीय र सेवा प्रवाहलाई छिटो, छरितो एवं सहज बनाउने जनाएको छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले सोमबार ग्राहकसँग प्रत्यक्ष सम्पर्क राख्ने वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक, ७ वटै प्रादेशिक कार्यालय, प्रदेश डिभिजन कार्यालय र शाखाका प्रमुखहरूसँग भर्चुअल बैठक राखी कार्यालयहरूले बेहोरिरहेका समस्याबारे छलफल गर्नुका साथै गुणस्तरीय विद्युत् आपूर्ति, सेवा प्रवाहमा सुधार, सुशासन कायम गर्न कठोर बन्न निर्देशन दिएका छन्।

'छिनछिनमा बत्ती जाने गरेको, गुनासो गर्दा नो लाइटमा फोन नउठ्ने, गुनासो सम्बोधन नहुनेजस्ता गुनासो मलाई मात्रै होइन, ऊर्जा मन्त्रीज्यूकहाँ समेत आउने गरेको छ, यस्ता गुनासोलाई तत्काल समाधान गरी उपभोक्तालाई नियमित, गुणस्तरीय, भरपर्दो विद्युत् आपूर्ति र सेवा प्रवाह सुधारमा केन्द्रित हुनुपर्छ,' उनले भने, 'संस्थाभित्रको सुशासन कायम गरी ग्राहकलाई दिने सेवा सुधार गर्न आफैं सुध्रिएर नैतिक आचरण देखाउनुपर्छ, चुहावट नियन्त्रण अभियान रोकिएको छ, स्थानीय तह र प्रशासनसँगको समन्वय र सहकार्यमा यसलाई तत्काल सुरु गर्नुपर्छ।' उनले कसैको दबाब र प्रवावमा नपरी उच्च नैतिक आचरण देखाएर जिम्मेवार भई काम गर्न कर्मचारीलाई निर्देशन दिए। 'विद्युत्‌को माग बढाउन ग्राहकले माग्नासाथ थ्री फेज मिटर दिनुपर्छ, प्रसारण तथा वितरण संरचनाको सुदृढीकरण तथा स्तरोन्नति गर्ने योजना बनाई तत्काल काम सुरु गर्नुपर्छ, निर्माणाधीन आयोजनाको छिट्टो सम्पन्न गर्नुपर्छ, रुग्ण बनेका र काम नगर्ने ठेकेदारसँगको ठेक्का तोड्नुपर्छ,' उनले भने।


वर्गीकृत विज्ञापन/डिस्प्ले

सम्पर्क

फ्लेक्स सम्बन्धी सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोला: ९८४९३३३५९०

घरजग्गा

लुभु टाउनप्लानिङसँगैको ०-८-०-० जग्गा प्रतिआना १५ लाखमात्र: ९८४१२१५६८४

निर्माण/सफाई

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा 9841072969

बीमालेख हरायो

मिति २०७८।०३।०३ गते नक्सालदेखि सिनामंगलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको नेपाल लाइफ इन्स्योरेन्स (NLIC) को बीमा पोलिसी हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालयमा वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध गर्दछु।
नामः अश्विनी पोखरेल
बीमालेख नं. १०७०२५१५८
सम्पर्कः ९८०४३५५१७


बर्दिया जिल्ला अदालत बाट प्रतिबादीको नाममा जारी भएको म्याद/इतलायनामा म्याद
मुद्दा नं. ०७७-CP-०४०६ मुद्दाः-लेनदेन फाँट -मुद्दा फाँट-ख

दुर्गा प्रसाद कामीको छोरा जिल्ला बर्दिया मधुवन नगरपालिका वडा नं. ६ बस्ने वर्ष ४६ को तपाई श्री मोतिलाल वि.क.का नाउँमा मिति २०७७/११/०७ मा उमाकान्त श्रीवास्तवले लेनदेन मुद्दाको फिरादपत्र यस अदालतमा दिएको हुनाले यो इतलायता म्याद राष्ट्रिय दैनिक पत्रिकामा प्रकासन भएको मितिले बाटोको म्याद बाहेक एक्काईस दिनभित्रमा प्रतिउत्तरपत्र र कानुन बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आफै आउनु वा कानून बमोजिम वारिस वा कानून व्यवसायी पठाउनु हुन सूचित गरिएको छ। म्यादभित्र प्रतिउत्तरपत्र लिई तपाई आफै वा वारिस वा कानून व्यवसायी मार्फत उपस्थित हुनु भएन भने सो मुद्दामा कानून बमोजिम फैसाला हुनेछ र भविष्यमा त्यस विषयमा तपाईको कुनै उजुर लाग्ने छैन।

ईति सम्वत् २०७८ साल श्रावण ३२ गते रोज २ शुभम..................

## Khaniyabas Rural Municipality
## Office of the Rural Municipal Executive

Darkha, Dhading
Bagmati Province, Nepal

### Invitation for Bids

Date of publication: 24 August, 2021

1. Khaniyabas Rural Municipality invites Electronic Bids from Nepalese eligible bidders for the construction following works under National Competitive Bidding Procedures.
2.

| IFB No. | Descriptive of Works | Estimated Amount (With out VAT) NRs. | Bid Security NRs. | Bid Document Fee.(NRs.) | Remarks |
|---|---|---|---|---|---|
| Khaniyabas/NCB/works/08/2078-79 | ChaukiTole-Bhokteni-Singang-Akhathali Gravel Road | | 5,00,000.00 | 5000.00 | |
| Khaniyabas/NCB/works/09/2078-79 | Thambu-Bachchhala Gravel Road | | 6,00,000.00 | 5000.00 | |
| Khaniyabas/NCB/works/10/2078-79 | PlengPleng-Sanyung-Kokhim Gravel Road | | 5,00,000.00 | 5000.00 | |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at **Khaniyabas Rural Municipality, Office of Municipal Executive, Darkha, Dhading** or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of Bank : Bank of Kathmandu Ltd., Khaniyabas Branch, Dhading**
   **Name of Account : Ga-1.1 Antarik Rajaswa Khaata(Khaniyabas Ga.Pa.)**
   **Office Account No. : 018600000061524**
5. Electronic bids must be submitted to the through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 on 10 September, 2021 from the date of publication of this notice, Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of the Bidders representatives who choose to attend at **Khaniyabas Rural Municipality, Office of Municipal Executive, Darkha, Dhading, Bagmati Province, Nepal** at 13:00 hours of 10 September, 2021 from publication date of this notice. Bids must be valid for a period of 90 days after the deadline of bid submission. All bids must be accompanied by a bid security of amount mentioned above, **valid 30 days beyond the validity period of Bid.**
   **If bidder wish to submit Bid Security in the form of cash, the cash should be deposit in:**
   **Name of Bank : Bank of Kathmandu Ltd., Khaniyabas Branch, Dhading**
   **Name of Office : Khaniyabas Rural Municipality**
   **Office Account No. : 018600000061524**
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bids should comply in all respects with the Instructions to Bidder included in the Bid Document. Non compliance with this instruction will result in disqualification.
9. In the case of discrepancies or error in bid documents, bid notice or any other documents, **Khaniyabas Rural Municipality** reserves the right to amend and correct at any time.
10. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

### Invitation for Bids

## Buddhashanti Rural Municipality
## Office of the Rural Municipal Executive

**Budhabare, Jhapa**
**1 No. Province, Nepal**

### Invitation for Bids for the Pipalchowk-Hadiyachuli Sadak, Panchpokhari jane Sadak, Deurali-Thuttebar Sadak, Mechi Rajmarga-Samudayik Swastha Ikai Sadak, Licchi Bagan jane Sadak, Bhanjyange Chowk- Jorlabar Sadak Blacktop Road Construction By Asphalt Concrete

Contract Identification No: 02/BRM/WORKS/078/79

Date of publication: 2078/05/07

1. The Government of Nepal [GoN] has allocated funds GoN towards the cost of Blacktop (Asphalt Concrete) Road Construction Works and intends to apply part of the funds to cover eligible payments under the Contract for Pipalchowk-Hadiyachuli Sadak, Panchpokhari jane Sadak, Deurali-Thuttebar Sadak, Mechi Rajmarga-Samudayik Swastha Ikai Sadak, Licchi Bagan jane Sadak, Bhanjyange Chowk- Jorlabar Sadak Blacktop Road Construction By Asphalt Concrete. Bidding is open to all eligible as per Section V of bidding document.
2. Buddhashanti Rural Municipality invites sealed bids or electronic bids from eligible bidders for the construction of Pipalchowk-Hadiyachuli Sadak, Panchpokhari jane Sadak, Deurali-Thuttebar Sadak, Mechi Rajmarga-Samudayik Swastha Ikai Sadak, Licchi Bagan jane Sadak, Bhanjyange Chowk- Jorlabar Sadak Blacktop Road Construction By Asphalt Concrete under National Competitive Bidding - Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:

- Minimum Average Annual Construction Turnover of the best 5 years within the last 10 years: NRs. 3,70,00,000.00
- Minimum Work experience of similar size and nature: Single Project of similar nature worth NRs. 2,00,00,000.00 completed within last 10 years.

3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Buddhashanti Rural Municipality, Budhabare, Jhapa or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of NRs. 5000 for bidding document in the Project's Rajaswa (revenue) account as specified below .
   Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: NIC Asia Bank Ltd.**
   **Name of Office: Buddhashanti Rural Municipality**
   **Account Name: GA 1.1-ANTARIK RAJASWA KHATA-BUDDHASHANTI GAUPALIKA**
   **Office Account no.: 85CA499513524007**
6. Pre-bid meeting shall be held at Buddhashanti Rural Municipality office at 12/9/2021 12:00:00 PM.
7. Sealed or electronic bids must be submitted to the office Buddhashanti Rural Municipality, Budhabare, Jhapa through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00 on 23-09-2021. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 on 23-09-2021 at the office of Buddhashanti Rural Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,amounting to a minimum of NRs. 6,20,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.